## मिति २०७७ श्रावण १ गते सम्पन्न नियमित स्टाफ मिटिङको निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०७६।०७७ को शाखागत तथा वडागत प्रगति समीक्षा गरियो । समग्रमा आर्थिक वर्ष २०७६।०७७ को भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेको निश्कर्ष निकालियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०७७।०७८ का लागि वार्षिक कार्यतालिका तपसिल बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

***वार्षिक कार्यतालिका, आर्थिक वर्ष २०७७/०७८***

| क्र.सं. | कार्यक्रम विवरण | मिति | विवरण समयावधि | स्थान |
|---|---|---|---|---|
| १ | **योजना कार्यान्वयन कार्यतालिका तयारी तथा प्रकाशन** | **श्रावण मसान्त** | | **गा.पा. कार्यालय** |
| २ | **वार्षिक समीक्षा** | | | |
| क | वडा कार्यालयहरुको वार्षिक समीक्षा | श्रावण दोस्रो हप्ता | ७ दिनभित्र | सम्बन्धित वडा कार्यालय |
| ख | गैरसरकारी संस्थाहरुको समीक्षा | भाद्र दोस्रो हप्ता | ७ दिनभित्र | सभाहल |
| ग | विषयगत समिति/तथा शाखाहरुको समीक्षा | श्रावण तेस्रो हप्ता | ७ दिनभित्र | सभाहल |
| ३ | **सामाजिक परीक्षण** | **कात्तिक पहिलो हप्ता** | **७ दिनभित्र** | |
| ४ | **सार्वजनिक सुनुवाई** | | | |
| क) | प्रथम चौमासिक | मंसिरको पहिलो हप्ता | | |
| ख) | दोस्रो चौमासिक | फागुन मसान्तभित्र | | |
| ग) | तेस्रो चौमासिक | असार मसान्तभित्र | | |
| ५ | **योजना कार्यान्वयन** | | | |
| क) | योजनाको सम्भाव्यता अध्ययन तथा सर्भे, डिजाइन तथा लागत अनुमान तयार गर्ने | भाद्र मसान्तभित्र | ७ दिनभित्र | सम्बन्धित योजनास्थल, कार्यालय |
| ख) | उपभोक्ता समिति गठन तथा सम्झौता | भाद्र मसान्त | ७ दिनभित्र | |
| ग) | उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण | असोजको पहिलो हप्ता भित्र | | |
| घ) | आयोजना, वडा कार्यालय तथा गैसस अनुगमन | नियमित | तुरुन्त | |
| ङ) | आयोजना सम्पन्न गर्ने अवधि | प्राविधिकको सिफारिश बमोजिम | | |

| | | | | |
|---|---|---|---|---|
| च) | योजना जाँचपास र फरफारक | जेठ मसान्तभित्र | | |
| छ) | सम्पन्न योजना उपभोक्ता समितिलाई हस्तान्तरण | आषाढ मसान्तभित्र | | |
| ६ | **प्रगति प्रतिवेदन** | | **शाखा तथा वडाबाट प्रतिवेदन** | |
| क) | प्रथम चौमासिक प्रगति प्रतिवेदन | मंसिर ७ गतेभित्र | ३ गतेभित्र | कार्यालय |
| ख) | दोस्रो चौमासिक प्रगति प्रतिवेदन | चैत्र ७ गतेभित्र | ३ गतेभित्र | कार्यालय |
| ग) | तेस्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन | श्रावण १५ गतेभित्र | ७ गतेभित्र | कार्यालय |
| ७ | **प्रकाशन** | | | |
| क) | साप्ताहिक गतिविधि प्रकाशन | सोमबार | शनिबार | |
| ख) | भूमे बुलेटिन | १५ गतेभित्र | ३ गतेभित्र | |
| ग) | जर्नल | मंसिर र जेठ | एक महिना पहिले | |

**निर्णय नं. ३**

प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा सबै वडा तथा शाखाहरुले आआफ्नो योजना तथा कार्यक्रम कार्यान्वयनका लागि श्रावण मसान्तभित्र कार्यक्रम कार्यान्वयन तालिका र मार्गदर्शन तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्दा विषयगत तथा वडागत रुपमा भएका योजना तथा कार्यक्रमहरुको तोकिएको ढाँचामा विवरणका साथै लाभग्राहीको विवरण समेत समावेश गरेर प्रकाशन गर्ने । आगामी आर्थिक वर्षदेखि प्रगति प्रतिवेदनलाई व्यवस्थापन प्रणालीमा अद्यावधिक तथा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा सार्वजनिक पद धारण गरेको पदाधिकारीहरुले पेश गर्नुपर्ने सम्पत्ति विवरण व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी तोकिएको अवधिभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइसक्नु पर्ने भएकाले श्रावण १५ भित्रै गाउँपालिका कार्यालयमा आइपुग्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ का सम्बन्धमा छलफल गर्दा कर्मचारीहरुले नियमानुसार भर्नुपर्ने कार्यसम्पादन मूल्याङ्कन फाराम श्रावण ७ गतेभित्र दर्ता गरिसक्नुपर्ने भएकाले प्रशासन तथा योजना शाखाले आवश्यक व्यवस्था मिलाउने ।